# आर्थिक बर्ष २०७६/०७७ को

# विनियोजन ऐन

परिवर्तन गाउँपालिका

रोल्पा जिल्ला

प्रदेश नं. ५

२०७६

# स्थानीय तहको विनियोजन ऐन

## परिवर्तन गाउँपालिकाको विनियोजन सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको बिधेयक

परिवर्तन गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्वन्धमा ब्यवस्था गर्न बनेको ऐन ।

सभाबाट स्वीकृत मिति :-२०७६/०३/१०

**प्रस्तावना :–**

परिवर्तन गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९९ को उपधारा (२) बमोजिम परिवर्तन गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :–**

(१) यस ऐनको नाम **"परिवर्तन गाउँपालिकाको बिनियोजन ऐन २०७६"**रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक बर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :–**

(१) आर्थिक बर्ष २०७४/०७५ को निमित्त गाउँपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची (१) मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय ब्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३७,५९,४७,००/–(अक्षरुपी सैंतिस करोड उन्साठी लाख सतचालिस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. बिनियोजन :–**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक बर्ष २०७६/०७७ को निमित्त परिवर्तन गाउँ कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग नपुग हने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकास र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र बित्तीय ब्यवस्था तर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय ब्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजन रकम ब्याज भुक्तानी खर्च शर्षकमा बाहेक अन्यत्र सार्न

सकिने छैन । तर चालू तथा पूजीगत खर्च र बित्तीय ब्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची १

दफा २ संग सम्बन्धित

नेपालको संबिधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट बिनियोजन हूने रकम रु.

| क.सं | अनुदान संख्या | शिर्षकको नाम | चालू खर्च | पुंजिगत खर्च | बित्तिय ब्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउं कार्यापालिका तथा गाउपालिका | ७,४६,००,००० | १,००,००,००० | | ८,४६,००,००० |
| २ | | वडा समिति | ० | २,९८,००,००० | | २,९८,००,००० |
| ३ | | बिषयगत समिति/ शाखा | ० | ५,२४,३९,००० | | ५,२४,३९,००० |
| ४ | | आन्तरिक आय | ६०,००,००० | ० | | ६०,००,००० |
| | | शशर्त अनुदान (संघ,प्रदेश) | १४,४९,८१,००० | ४,२९,२७,००० | | १८,७९,०८,००० |
| | | विशेष अनुदान प्रदेश | ० | ५२,००,००० | | ५२,००,००० |
| ५ | | अल्या | १,००,००,००० | | | १,००,००,००० |
| जम्मा | | | २२,५५,८१,००० | १५,०३,६६,००० | | ३७,५९,४७,००० |